# साधना लघुवित्त वित्तीय संस्था लि.
SADHAN LAGHUBITTA BITTIYA SANSTHA LIMITED

"नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था" (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)

क.द.नं. १६९७१३/७३/७४
ने.रा.बैंक/इ.पा./घ/५९/०७४/०७५
पान नं. ६०५९३८४४७


च.नं.:-२५५/०७९/०८० मितिः-२०७९/०९/०९

श्री नेपाल स्टक एक्सचेञ्ज लि.
भद्रकाली यु एन आई ,शान्तिमार्ग
सिंहदरबार प्लाजा, काठमाण्डौं

बिषय :- बार्षिक साधारण सभा बस्ने तथा शेयरधनी दर्ता किताब बन्द रहने जानकारी बारे ।

महोदय,

यस वित्तीय संस्था लि.को सञ्चालक समितिको मिति २०७९/०९/०८ (तदनुसार २३ डिसेम्बर २०२२) शुक्रबारका दिन साझँ ५.०० बजे बसेको ११४ औं बैठकले आर्थिक बर्ष ०७८/०७९ सम्मको सञ्चित मुनाफाबाट २०७९ असार मसान्तमा कायम रहेको चुक्ता पूंजी रु ३२,१२,२५,५००/- (अक्षरेपी बत्तीस करोड बाह्र लाख पच्चिस हजार पाँच सय रुपैंया मात्र) को १९ प्रतिशतले हुन आउने रकम रु ६,१०,३२,८४५ (अक्षरेपी छ करोड दश लाख बत्तीस हजार आठ सय पैतालिस रुपैंया मात्र ) को बोनश शेयर र कर प्रयोजनको लागि १ प्रतिशतले हुन आउने रकम रु ३२,१२,२५५/- (अक्षरेपी बत्तीस लाख बाह्र हजार दुई सय पचपन्न रुपैंया मात्र) गरी कुल २० प्रतिशत बितरण गर्ने यस वित्तीय संस्थाको प्रस्ताव नेपाल राष्ट्र बैंकको मिति २०७९/०९/०८ गतेको पत्रबाट स्वीकृति प्राप्त भएकोले उक्त प्रस्ताव समेत पारित गर्नको लागि बित्तीय संस्थाको छैटौं बार्षिक साधारण सभामा प्रस्ताब पेश गर्न तथा छैटौं बार्षिक साधारणसभाको सम्बन्धी अन्य जानकारी सहितको सुचना मिति २०७९/०९/०९ गतेको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको ब्यहोरा अनुरोध गर्दछौं ।

साथै वित्तीय संस्थाको (आ.व. ०७८/०७९) को छैटौं बार्षिक साधारण सभा आगामी मिति २०७९/०९/३० गते शनिबार बिहान ११:३० बजे होटेल गोरखा बिसौनी, गोरखा न.पा.-६, गोरखा मा शुरु हुने र शेयरधनी दर्ता किताव मिति २०७९/०९/२० गते १ दिन बन्द (Book Close) गर्ने निर्णय भएको ब्यहोरा अनुरोध छ ।

बोधार्थ

(१) श्री नेपाल धितो पत्र बोर्ड, खुमलटार, ललितपुर ।
(२) श्री सिडिएस एण्ड क्लीयरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाण्डौं ।
(३) श्री कम्पनी रजिष्टारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौं ।
(४) श्री मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, काठमाण्डौं ।

साधना लघुवित्त वित्तीय संस्था लि.

भवदीय,

............

रेशम न्यौपाने
कम्पनी सचिव

साधना लघुवित्त वित्तीय संस्था लि.
SADHANA LAGHUBITTA BITTIYA SANSTHA LTD.
(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको राष्ट्रियस्तरको इजाजतपत्र प्राप्त संस्था)
गोरखा नगरपालिका, वडा नं. ६, हरमटारी, गोरखा, नेपाल । फोन नं.: ०६४-४२०५०३
URL: www. sadhanalaghubitta.com.np, E-mail: sadhanamf2074@gmail.com

# छैटौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस साधना लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७९/०९/०८ गते बसेको सञ्चालक समितिको ११४औं बैठकको निर्णयानुसार वित्तीय संस्थाको छैटौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएकोले कम्पनी ऐन २०६३ को दफा ६७ को व्यवस्था अनुसार सम्पुर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरीएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

मिति :- २०७९/०९/३० गते, शनिबार (तदनुसार १४ जनवरी, २०२३)

समय :- बिहान ११:३० बजे

स्थान :- होटल गोरखा बिसौनी, गोरखा न.पा.-६, गोरखा ।

**छलफलका विषयहरु**

**१. सामान्य प्रस्तावहरु**

क) सञ्चालक समितिको तर्फबाट समितिका अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने छैटौं वार्षिक प्रतिवेदन (आ.व.२०७८/०७९) उपर छलफल गरी पारित गर्ने ।

ख) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७८/०७९ को वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण सहित सम्बन्धित अनुसूचीहरु र वार्षिक वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने ।

ग) कम्पनी ऐन २०६३,को दफा १११ बमोजिम आ.व. २०७९/०८० को बाह्य लेखापरीक्षण कार्यको लागि लेखापरीक्षण समितिको सिफारिस मुताविक लेखापरीक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (लेखापरिक्षक श्री एस.डि. एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स पुनः नियुक्तिका लागि योग्य रहेको ।)

घ) सञ्चालक समितिको सिफारिस बमोजिम यस वित्तीय संस्थाको आ.व. २०७८/०७९ को संचित मुनाफाबाट हाल कायम चुक्ता पूँजी रु.३२,१२,२५,५००/- को १% ले हुने रकम रु. ३२,१२,२५५/-(अक्षरेपी बत्तीस लाख बाह्र हजार दुई सय पचपन्न रुपैया मात्र) नगद लाभांश (बोनस शेयर बापतको कर प्रयोजनका लागि मात्र) वितरण गर्न स्वीकृत गर्ने ।

**२) विशेष प्रस्तावहरु**

क) सञ्चालक समितिको सिफारिश बमोजिम यस वित्तीय संस्थाको आ.व. २०७८/०७९ को संचित मुनाफाबाट हाल कायम चुक्ता पूँजी रु.३२,१२,२५,५००/- को १९% ले हुन आउने रकम रु.६,१०,३२,८४५/-(अक्षरेपी छ करोड दश लाख बत्तीस हजार आठ सय पैंतालिस रुपैया मात्र) बराबरको बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

ख) प्रबन्धपत्रको दफा ६ को खण्ड (ख) र (ग) मा आवश्यक संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने ।

ग) भविष्यमा अन्य कुनै लघुवित्त वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने(Merger) तथा प्राप्ति/समाहित (Acquisition) सम्बन्धी उपयुक्त प्रस्ताव आएमा सो कार्यका लागि उपयुक्त लघुवित्त वित्तीय संस्थाको पहिचान गर्न, सहमतिपत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्न, सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिन, सम्पत्ति तथा दायित्वको मूल्यांकन (Due Diligence Audit) गर्न परामर्शदाता, मूल्यांकनकर्ता, लेखापरिक्षक नियुक्त गर्न र निजको पारिश्रमिक निर्धारण गर्ने लगायतका कार्यसँग सम्बन्धित आवश्यक कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने ।

घ) प्रबन्धपत्र तथा नियमावलीमा प्रस्तावित संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट थपघट, परिवर्तन वा संशोधनको निर्देशन भएमा सोही बमोजिम थपघट, परिवर्तन वा संशोधन गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने ।

**३) विविध**

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

**वार्षिक साधारण सभा सम्बन्धी थप जानकारी**

१. छैटौं वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०७९/०९/२० गते (१) एक दिन वित्तीय संस्थाको शेयरधनी दर्ता किताब बन्द गर्ने निर्णय गरिएको छ । मिति २०७९/०९/१४ गतेसम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोबार भई सि.डि.एस.एण्ड क्लियरिङ्ग लिमिटेडबाट राफसाफ समेत भई प्रचलित नियमानुसार यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार श्री मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौमा रहेका शेयरधनी दर्ता किताबमा अद्यावधिक भई कायम हुन आएका शेयरधनीहरु मात्र वार्षिक साधारण सभामा भाग लिन, लाभांश पाउन योग्य हुनेछन् ।

२. सम्पूर्ण शेयरधनी महानुभावहरुले साधारण सभा बस्ने मिति, समय, स्थान र छलफलका विषयहरुको सूचना र संक्षिप्त वार्षिक आर्थिक विवरणहरु यस लघुवित्त वित्तीय संस्थाको वेवसाइट sadhanalaghubitta.com.np बाट समेत प्राप्त गर्न सक्नुहुनेछ ।

३. वार्षिक सभामा भाग लिन आउनुहुने शेयरधनीहरु महानुभावहरुले आफ्नो हितग्राही खाता नं. (BOID) को विवरण सहित आफ्नो परिचय खुल्ने प्रमाण (जस्तैः नागरिकता प्रमाणपत्र वा अन्य कुनै परिचयपत्र) साथमा लिई आउनु हुन अनुरोध छ ।

४. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । शेयरधनी हाजिरी पुस्तिका विहान १०:०० बजे देखि खुल्ला रहने छ ।

५. कुनै शेयरधनी साधारण सभामा स्वयं उपस्थित हुन नसक्ने भै साधारण सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधि पत्र (प्रोक्सी फारम) भरी सभा शुरू हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालय, हरमटारी-६, गोरखामा दर्ता गराई सक्नुपर्नेछ । वित्तीय संस्थाको शेयरधनी बाहेक अरूलाई प्रतिनिधि (प्रोक्सी) दिन पाइने छैन । वित्तीय संस्थाको शेयरधनी बाहेक अरूलाई प्रोक्सी दिएको भए प्रोक्सी बदर हुनेछ ।

६. प्रतिनिधि नियुक्त गरी सकेको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा निजले दिएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ ।

७. कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीको तर्फबाट खटाईएको वा मनोनित गरेको प्रतिनिधिले साधारण सभामा भाग लिन तथा मतदान गर्न पाउने छ ।

८. नाबालक वा अशक्त/विक्षिप्त व्यक्ति शेयरधनीहरुको हकमा यस वित्तीय संस्थाको शेयरधनी दर्ता पुस्तिकामा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले मात्र साधारण सभामा भाग लिन र प्रतिनिधि (प्रोक्सी) तोक्न पाउनुहुनेछ ।

९. वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी आवश्यक भएमा यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय हरमटारी-६, गोरखाको टेलिफोन नं. ०६४-४२०५०३ मा कार्यालय समय भित्र सम्पर्क गर्नुहुन वा स्वयं उपस्थित भै जानकारी लिन हुन अनुरोध छ ।